फोन नं.:- ०५७-५२०४९५
फ्याक्स नं.:- ०५७-५२३८२२
ईमेल:-daomakawanpur@moha.gov.np
फेसबुक पेज:-www.facebook.com/daomakawanpur
वेबसाइट:-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या:- ०८२/८३
चलानी नम्बर:-

मिति:-२०८२/११/१५
ने.सं.:-११४६ चिल्लाथ्व ११, शुक्रबार

## फागु पूर्णिमा (होली पर्व) मनाउने सम्बन्धमा जिल्ला सुरक्षा समितिद्वारा जारी गरिएको सूचना ।

सम्वत् २०८२ फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र विश्वसनीय रूपमा सम्पन्न गर्न निर्वाचन आचारसंहिता लागू भइरहेकोले निर्वाचन आचारसंहिताको उल्लंघन नहुने गरी होली पर्व मनाउने सम्बन्धमा देहाय अनुसार गर्नु, गराउनु हुन सम्बन्धित सबैमा जिल्ला सुरक्षा समिति, मकवानपुर हार्दिक अनुरोध गर्दछ ।

देहाय:-

१. हेटौडास्थित संगमचोक, बुद्धचोक, सीमाचोक, स्कूल रोड, पारिजातपथ र हुप्राचौर लगायत जिल्लाका अन्य स्थानहरूमा समेत विगतमा जस्तो भिडभाड हुने गरी होली उत्सव कार्यक्रम नगर्ने, नगराउने ।

२. हेटौडा लगायत जिल्लाका बजार क्षेत्रमा रहेका साउन्ड system वालाहरूले मिति २०८२-११-१८ र १९ गते डिजेका लागि साउण्ड System भाडामा नदिने, नदिलाउने ।

३. अनुशासित रूपमा होली पर्व मनाउने सम्बन्धी सार्वजनिक सन्देशमूल सूचनाहरू विभिन्न सञ्चार माध्यमहरूले प्रशारण गर्ने, गराउने ।

४. होलीका दिनमा रेष्टुरेण्टमा मदिरा, हुक्का लगायतका पदार्थ विक्री वितरण तथा सेवन नगर्ने, नगराउने ।

५. होली पर्वको नाममा औपचारिक तथा अनौपचारिक संस्था वा निकायले कार्यक्रम आयोजना गरी होली पर्व मनाउने कार्यलाई पूर्ण रूपमा निरुत्साहित गर्ने,

६. होली पर्व मनाउँदा सकभर घरपरिवारमा आफ्नै कम्पाउण्डभित्र मात्र होली मनाउने र होली खेल्ने कार्य मिति २०८२-११-१८ गते बेलुका ५:०० बजे उप्रान्त नगर्ने, नगराउने ।

७. होलीका दिनमा कुनै पनि दल वा उम्मेदवार विशेषको पक्षमा नारावाजी तथा प्रचार सामाग्री प्रयोग नगर्ने, नगराउने।

८. होलीका नाममा कुनै पनि व्यक्ति तथा संस्थालाई ओद्योगिक प्रतिष्ठान लगायतले सहयोग तथा चन्दा नदिने, नदिलाउने ।

९. निर्वाचन आचारसंहिताको पूर्ण पालना एवं कार्यान्वयनका लागि जिल्लास्थित स्थानीय तहहरूले होली पर्व मनाउने सन्दर्भमा कार्यक्रमहरू आयोजनाका लागि सार्वजनिक स्थान उपलब्ध नगराउने ।

२०८२/११/१५
सहायक प्रमुख जिल्ला अधिकारी